# ब्रहमपुरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यलय

ब्रहमपुरी, सर्लाहि

मधेश प्रदेश, नेपाल

## पोखरी ठेक्का सम्बन्धी ७ दिने सुचना

### तेस्रो पटक प्रकाशित मितिः २०८३/०४/२९

| सि.न | पोखरी ठेक्का नम्बर | पोखरीको नाम(बिवरण) | न्युनतम मुल्यङकित रकम मुल्य अभिबृद्धि कर बाहेक(रु) मा | बोलपत्र दस्तुर (रु) मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | १/०८३/०८४ | सानो जोरलहिया पोखरी, ब्रहमपुरी-६ | ५,५०,०००।- | १०००।- | ठेक्का अवधि : २०८३। ०८४ को सम्झौता भएको मिति देखि आ.व २०८७ ।०८८ आषाढ मसान्त |
| २. | २/०८३/०८४ | नुनथर पोखरी, ब्रहमपुरी-२ | १९,८०,०००।- | ३०००।- | |
| ३. | ३/०८३/०८४ | उत्पीडित दलित प्रा.वि भेल्ही छेउको पोखरी, ब्रहमपुरी-३ | १३,२१,१००।- | १०००।- | |
| ४. | ४/०८३/०८४ | ठुलो जोरलहिया पोखरी, ब्रहमपुरी-६ | १८,७०,१६६।१० | ३०००।- | |
| ५. | ५/०८३/०८४ | पडरियाको गोईराहि पोखरी, ब्रहमपुरी-५ | १२,६५,०००।- | १०००।- | |
| ६. | ६/०८३/०८४ | परचिलवा पोखरी, ब्रहमपुरी-५ | १,६६,१००।- | १०००।- | |
| ७. | ७/०८३/०८४ | कजली पोखरी, ब्रहमपुरी-५ | १,३८,६००।- | १०००।- | |
| ८. | ८/०८३/०८४ | नन्मोहि पोखरी, ब्रहमपुरी-६ | ५,५५,५००।- | १०००।- | |
| ९. | ९/०८३/०८४ | भुतहा पोखरी, ब्रहमपुरी-६ | ४,४५,५००।- | १०००।- | |

- ◆ बोलपत्र-दरभाउ खरिद गर्ने अन्तिम मिति :२०८३-०५-०४ गते समय ५:०० बजे सम्म
- ◆ बोलपत्र-दरभाउ पेश गर्ने अन्तिम मिति :२०८३-०५-०५ गते समय दिउसो १२:०० बजे सम्म तथा खोल्ने समय बेलुका २:०० बजे
- ◆ सर्तसेवा सुबिधा थप जानकारीको लागी ब्रहमपुरी गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न वा Website www.brahmapurimun.gov.np मा हेर्नु हुन अनुरोध छ ।

# फलफुल बेच्ने पर्साका एक युवक हुण्डीको ८१ लाख रुपैयाँसहित पक्राउ

सर्लाहि अपडेट
साउन २८ गते ।
काठमाडौंको एक फलफूल पसलबाट प्रहरीले हुण्डी कारोबारको आशंकामा ८१ लाख रुपैयाँभन्दा बढी रकमसहित पर्साका एक युवकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा पर्साको छिपहरमाई गाउँपालिका-१ स्थायी घर भई हाल काठमाडौंको कुलेश्वरमा डेरा गरी बस्दै आएका ३३ वर्षीय जितेन्द्र साह तुराहा रहेका छन्।

काठमाडौं महानगरपालिका-१४ स्थित कुलेश्वर फलफूल मण्डीमा रहेको आँचल फ्रुट सेन्टरमा स्रोत नखुलेको रकमबाट हुण्डी कारोबार भइरहेको भन्ने सूचना प्राप्त भएपछि प्रहरीले मंगलबार पसलमा छापा मारेको थियो। प्रहरी वृत्त कालीमाटी र काठमाडौं उपत्यका अपराध अनुसन्धान महाशाखाको कालीमाटी शाखाबाट खटिएको संयुक्त टोलीले पसल तथा तुराहाको डेरा कोठामा खानतलासी गर्दा ठूलो परिमाणमा नगद रकम बरामद गरेको हो।

प्रहरीका अनुसार खानतलासीका क्रममा नेपाली नगद ७६ लाख २७ हजार ३०० रुपैयाँ र भारतीय रुपैयाँ ३ लाख ४ हजार ३०० बरामद भएको छ। भारतीय रुपैयाँलाई नेपाली मुद्रामा रूपान्तरण गर्दा ४ लाख ८६ हजार ८८० रुपैयाँ हुने र दुवै रकम जोड्दा कुल ८१ लाख १४ हजार १८० रुपैयाँ बरामद भएको प्रहरीले जनाएको छ। बरामद रकमको स्रोत नखुलेको तथा हुण्डी कारोबारसँग सम्बन्धित हुन सक्ने प्रहरीको आशंका छ।

प्रहरीले रकमको स्रोत तथा कारोबारको प्रकृति बारे थप अनुसन्धान गरिरहेको जनाएको छ। बरामद रकमसहित पक्राउ परेका तुराहालाई प्रहरी हिरासतमा राखिएको छ।

उनी विरुद्ध हुण्डीसम्बन्धी कसुरमा अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतबाट चार दिनको म्याद थप अनुमति लिइएको प्रहरी वृत्त कालीमाटीले जनाएको छ।

## बर्षा अपेक्षित भए पनि.....

एकटन्कारले टन्टलापुर घाम लगेर अचाक्ली गर्मी हुँदा स्थानीय प्रभावित बनेका हुन् । लालबन्दी नगरपालिका-८ का स्थानीय सञ्जीव श्रेष्ठले दुई दिनदेखिको गर्मीका कारण सडक, बजार एकाएक सुनसान बनेको बताउनुभयो । उहाँले भन्नुभयो, "अत्यासलाग्दो गर्मीले गर्दा धेरै मानिस घरबाहिर ननिस्कँदा सडक, बजारमा चहलपहल ह्वात्तै घटेको छ ।" गर्मीका कारण विद्यालय जाने विद्यार्थी, खेतबारीको काम गर्नुपर्ने किसान र दैनिक मजदुरीमा निस्कनुपर्ने मजदुर बढी प्रभावित बनेका छन् ।

गर्मी छल्न मानिस चोक, चौतारामा सुस्ताएर बसिरहेको देखिन्छ । सदरमुकाम मलङ्गवा निवासी शिवचन्द्र चौधरीले उत्तरी भेगको तुलनामा दक्षिणी भेगमा अझ बढी गर्मी महसुस भइरहेको जानकारी दिनुभयो । गर्मीका कारण पशुपन्छीको स्याहार तथा आहारा जुटाउन मुस्किल रहेको ईश्वरपुर नगरपालिका-८, रामपुरका किसान मोहनबहादुर केसीले बताउनुभयो । अत्यधिक गर्मीका कारण अधिकांश मानिसमा टाउको दुख्ने, चक्कर लाग्ने, शरीर आलस्य हुने, एलर्जी हुनेलगायतका स्वास्थ्य समस्या बढेको नगर अस्पताल लालबन्दीका प्रमुख एवं मेडिकल सुपरिन्टेन्डेन्ट डा. चन्दन चौधरीले बताउनुभयो । उहाँका अनुसार अहिले भाइरल ज्वरो र टाइफाइडको समस्या भएका बिरामी पनि धेरै आउने गरेका छन् ।

## मधेशमा मन्त्रीपरिषद पुर्नगठन.....

शिक्षा तथा संस्कृति मन्त्रालय, समाज कल्याण तथा खेलकुद मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय र वन तथा वातावरण मन्त्रालय मर्ज गरेर तीन वटा बनाउने गृहकार्य भइरहेको छ ।पुनरावलोकनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्यामप्रसाद पटेलको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिवहरू सम्मिलित कार्यदल गठन गरिएको थियो ।

कार्यदलको काम अन्तिम चरणमा रहेको र अबको केही दिनमै सरकारलाई प्रतिवेदन बुझाउने उनले बताए । यद्यपि, यो प्रतिवेदन आउनुअघि पनि मन्त्रिपरिषद् ९ वटा मन्त्रालय कायम गर्ने गरी पुनर्गठन गर्न बाधा नपर्ने मन्त्री पटेलको भनाइ छ ।केन्द्रमा कांग्रेस र नेकपा एमालेको गठबन्धन भत्किए पनि त्यसको असर मधेशमा भने परेको छैन ।

एमाले र नेकपाको समीकरणअनुसार पनि यो प्रदेशमा सरकार बनाउन आवश्यक संख्या ५४ पुग्दैन । त्यस कारण यी दुई दल तत्काललाई मधेशमा कांग्रेस नेतृत्वकै सरकारलाई यथावत राख्ने गरी अगाडि बढिरहेका छन् ।मन्त्रालय ९ कायम हुँदा फिर्ता बोलाइने मन्त्री वा सरकारमा नयाँ अनुहार कसलाई पठाउने विषयमा पनि एमाले र नेकपामा आन्तरिक गृहकार्य भइरहेको छ ।

# देशभरको खानेपानी समस्या समाधान गर्न सरकारलाई संसदीय समितिको निर्देशन

सर्लाहि अपडेट
साउन २८ गते ।
संसदीय समितिले नागरिकलाई स्वच्छ, सुरक्षित तथा पर्याप्त खानेपानी उपलब्ध गराउन अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना बनाई समयबद्ध रूपमा कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिएको छ ।बिहीबार सिंहदरबारमा बसेको प्रतिनिधिसभाको पूर्वाधार विकास समितिले यस्तो निर्देशन दिने निर्णय गरेको समिति सभापति आशिष गजुरेलले बताएका हुन् ।उनकाअनुसार बैठकले मधेश प्रदेश तथा तराई क्षेत्रमा स्यालो ट्युबेलबाट खानेपानी उपलब्ध हुन छाडेका स्थानमा तत्काल वैकल्पिक स्रोतको व्यवस्था गर्न गरी खानेपानीको आपूर्ति गर्न समेत सरकारलाई निर्देशन दिएको छ ।सभापति गजुरेलले मधेश प्रदेशमा अधुरा रहेका १ सय ७६ वटा ओभरहेड ट्यांकीसम्बन्धी आयोजना आवश्यक बजेट व्यवस्थापन गरी शीघ्र सम्पन्न गर्न सरकारलाई निर्देशन दिए ।उनले काठमाडौं उपत्यकामा मेलम्ची, वागमतीलगायत खानेपानीका स्रोतको संरक्षण, विकास तथा व्यवस्थापन गरी दीर्घकालीन रूपमा खानेपानीको दिगो आपूर्ति सुनिश्चित गर्न समेत निर्देशन दिएको छ ।उनले सुनकोशी(मरिण डाइभर्सनबाट मधेश तथा तराई क्षेत्रमा दीर्घकालीन रूपमा खानेपानी उपलब्ध गराउने सम्भावना बारे चालु आर्थिक वर्षभित्रै सम्भाव्यता अध्ययन सम्पन्न गरी लागत, स्रोत, प्रविधि तथा कार्यान्वयनको स्पष्ट खाका तयार गरी कार्यान्वयन गर्न समेत सरकारलाई निर्देशन दिए।उजले भने, 'नागरिकलाई स्वच्छ, सुरक्षित तथा पर्याप्त खानेपानी उपलब्ध गराउने कार्यलाई उच्च प्राथमिकतामा राखी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना बनाई समयबद्ध रूपमा कार्यान्वयन गर्ने, मधेश प्रदेश तथा तराई क्षेत्रमा स्यालो ट्युबेलबाट खानेपानी उपलब्ध हुन छाडेका कारण खानेपानीको समस्या उत्पन्न भएका स्थानमा वैकल्पिक स्रोतको तत्काल व्यवस्था गर्न निर्देशन दिने निर्णय भएको छ ।उनले अगाडि थपे, 'मधेश प्रदेशमा अधुरा रहेका १७६ वटा ओभरहेड ट्यांकी सम्बन्धी आयोजना आवश्यक बजेटको व्यवस्थापन गरी शिघ्र सम्पन्न गर्ने।

**जिन्दगी एक साइकल जस्तै हो । यदि त्यसलाई सन्तुलित बनाएर अगाडि बढाउने हो भने पाइडल मारिरहनुपर्नेछ । अल्बर्ट आइस्टाइन**